# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, कार्तिक ०२ गते, २०७७ साल (अतिरिक्ताङ्क १४

## भाग ३

### प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालयको सूचना

### अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७

प्रदेश भित्र रहेका अपाङ्गता भएका व्यक्तिको मानव अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार एवं कार्यान्वयन गर्ने गराउने समेत प्रयोजनका लागि प्रदेशस्तरीय निर्देशन समिति गठन गर्न वाञ्छनीय भएकोले,

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकारको प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

**२.** **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ङ) "दोभाषे" भन्नाले बहिरा वा सुस्त श्रवण भएका व्यक्तिको सञ्चारमा सहजीकरण गर्ने साङ्केतिक भाषा अनुवादक वा श्रवण दृष्टिविहीन व्यक्तिका लागि सञ्चारमा सहजीकरण गर्ने स्पर्श सञ्चार अनुवादक सम्झनु पर्छ।

परिच्छेद-२

## निर्देशन समिति

**३.** **निर्देशन समितिको गठनः** (१) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, नीतिगत सहजीकरण, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको प्रदेशस्तरीय निर्देशन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सामाजिक विकास मन्त्री | - अध्यक्ष |
| (ख) | प्रदेश नीति तथा योजना आयोग सामाजिक विकास क्षेत्र हेर्ने सदस्य | - सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) | सचिव, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (च) | अध्यक्ष राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल गण्डकी प्रदेश | - सदस्य |

(छ) अपाङ्गता भएका व्यक्तिहरूको प्रदेशस्तरका सङ्घ, सङ्गठन, महासङ्घ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुमध्ये फरकफरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा ५ जना महिला सहित १० जना - सदस्य

(ज) मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले त्यस्ता सदस्यलाई जुनसुकै बखत समितिबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्गता सम्बन्धी नीति एवं कानून तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम लागु गर्ने गराउने,

(ग) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण एवं प्रवर्द्धनका साथै अपाङ्गता सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(घ) अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने,

(ङ) अपाङ्गता सम्बन्धमा सूचना सङ्कलन एवं अध्ययन-अनुसन्धान गर्ने गराउने,

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित वा अधिकार विपरीत कुनै काम कारवाही भए गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

**५. <u>समितिको बैठक सम्बन्धी व्यबस्थाः</u>** (१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकका लागि गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिले सम्बन्धित क्षेत्रका बढीमा दुई जना विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) बहिरा र श्रवण दृष्टिविहिन सदस्यको लागि साङ्केतिक तथा स्पर्श साङ्केतिक दोभाषे बैठकमा उपस्थित भई सेवा उपलब्ध गराउन सक्नेछन्।

(६) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**६. <u>बैठक भत्ता तथा सुविधा सम्बन्धी व्यवस्थाः</u>** समितिका सदस्यहरुले बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन्। बैठकमा सहभागी सदस्यको दोभाषे तथा व्यक्तिगत सहयोगीले मन्त्रालयले तोके बमोजिम पारिश्रमिक सुविधा पाउनेछन्।

**७. <u>वार्षिक प्रतिवेदनः</u>** समितिले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

**८. <u>निर्देशन दिन सक्नेः</u>** प्रदेश सरकारले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**९. <u>प्रदेश सरकारसँग सम्पर्कः</u>** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ।

**१०. <u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**११. <u>संशोधन गर्न सक्नेः</u>** प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

प्रमाणीकरण मिति:२०७७।०७।०२

आज्ञाले,
डा. राम प्रसाद घिमिरे
प्रदेश सरकारको सचिव

**मुद्रक** : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश। मूल्य रु १०।-